# सम्पत्ति बीमा

## दरभाउ-पत्र फारम, २०८३

**रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड**
चिलिमे टावर (तेश्रो तल्ला), धुम्बाराही, काठमाण्डौं ।
फोन नं. ०१-४३७१७४४, ४३७१७९४

# शिलबन्दी प्रस्ताव माग गरिएको बारे सूचना ।

(प्रथम पटक प्रकाशित मितिः २०८३/०५/०५)

यस कम्पनी अन्तर्गत रसुवा जिल्लामा सञ्चालित रसुवागढी जलविद्युत केन्द्रको संरचनाहरु (सिभिल, हाइड्रोमेकानिकल तथा इलेक्ट्रोमेकानिकल) को सम्पत्ति बीमा गर्नुपर्ने भएकोले इच्छुक तथा योग्य बीमा कम्पनीहरुले कम्पनी दर्ताको प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, अन्तिम लेखापरीक्षण भएको ३ आर्थिक बर्ष (आ.व. ०८१/८२ समेत) को वित्तिय विवरणहरु, बीमा सम्झौताका शर्तहरु (मस्यौदा बीमालेख तथा बीमा शुल्क समेत प्रस्ताव गरी यो सूचना प्रकाशित भएको मितिले २१औं दिन दिनको १२:०० बजे भित्रमा शिलबन्दी प्रस्ताव पेश गर्न सूचना जारी गरिएको छ । थप जानकारी तथा आवश्यक कागजातका लागि कम्पनीको वेवसाईट www.rghpcl.com.np तथा केन्द्रीय कार्यालय, चिलिमे टावर (तेश्रो तल्ला), धुम्बाराही, काठमाण्डौंमा कार्यालय समय भित्र सम्पर्क राख्नुहुन अनुरोध छ । माथि उल्लेखित सम्पूर्ण कागजातहरु पेश नगर्ने आवेदकको प्रस्ताव मूल्याङ्कन प्रकृयामा समावेश नगरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड**
चिलिमे टावर (तेश्रो तल्ला), धुम्बाराही, काठमाण्डौं ।
फोन नं. ०१-४३७१७४४, ४३७१७९४
इमेल- info@rghpcl.com.np

# रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड

चिलिमे टावर (तेश्रो तल्ला), धुम्बाराही, काठमाण्डौं ।

## सम्पत्ती बीमा सम्बन्धी दरभाउ-पत्र फारम

१. **दरभाउपत्र खरिद गर्न बीमा कम्पनीको योग्यता सम्वन्धी व्यवस्था**

क. बीमा व्यवसाय संचालन गर्न बीमा ऐन, २०४९ बमोजिम ईजाजत प्राप्त गरी ईजाजत पत्र अद्यावधिक गरेको हुनु पर्नेछ ।

ख. बीमा कम्पनी मूल्य अभिबृद्धि करमा दर्ता भएको हुनु पर्नेछ ।

ग. कम्तीमा ३ वर्षको बीमा सेवा प्रदान गरेको हुनु पर्नेछ ।

घ. बीमा कम्पनीको अन्तिम ३ आर्थिक बर्ष (आ.व. २०८१/०८२ सम्म) को औषत खुद पूँजीकोष (Networth) धनात्मक (Positive) भएको हुनु पर्नेछ ।

२. **दरभाऊपत्र सम्वन्धी अन्य व्यवस्था**

क. दरभाऊ पत्र पेश गर्न ईच्छुक बीमा कम्पनीले माथि उल्लेखित योग्यता खुल्ने कागजातहरु संलग्न गरी पुनर्बीमा कम्पनीहरुबाट आवश्यक स्वीकृती समेत लिई कम्पनीले उपलब्ध गराएको दरभाउपत्र फारम भरी यस कम्पनीको केन्द्रीय कार्यालयमा शिलबन्दी निवेदन पेश गर्नु पर्नेछ ।

ख. राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकशित भएको मितिले २१औं दिन दिनको १२:०० बजे भित्रमा प्रस्ताव पेश गर्नु पर्नेछ ।

ग. प्रस्तावदाताले दरभाउपत्र फारममा उल्लेखित प्रावधान तथा शर्तहरु अध्ययन गरी फारमको प्रत्येक पानामा आधिकारीक सही छाप गर्नु पर्नेछ । यस दरभाउपत्रको अन्तिम पृष्ठमा तोकिएको Bill of Quantities मा कबोल प्रिमियम रकम र अधिकको अंक र अक्षरमा प्रष्टसँग भरेर रीतपूर्वक सहिछाप र शिलबन्दी गरी पेश गर्नु पर्नेछ ।

घ. शिलबन्दी दरभाउपत्रको बाहिर रसुवागढी हाइड्रोपावर कम्पनीलाई सम्बोधन गरी दरभाउपत्र दाताको नाम, ठेगाना समेत उल्लेख गर्नु पर्नेछ ।

ङ. म्याद नाघी प्राप्त हुन आएका शिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

च. दर्ता हुन आएका शिलवन्दी दरभाउपत्रहरु प्रथम पटक सूचना प्रकशन भएको मितिले २१औं दिन अपरान्ह १:०० बजे दर्ता गरिएकै कार्यालयमा खोलिनेछ । निर्धारित समयभित्र बीमा कम्पनीका प्रतिनिधि उपस्थिति हुन नसके पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।

छ. दरभाउपत्र पेश गर्ने तथा खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछि लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन कायम गरिनेछ ।

ज. प्राप्त शिलवन्दी दरभाउपत्र मूल्यांकनको सिलसिलामा माथि उल्लेखित योग्यता नपुगेको पाइएमा त्यस्तो दरभाउपत्र स्वतः रद्द हुनेछ र मूल्यांकनमा समावेश गरिने छैन ।

झ. दरभाउपत्र सम्बन्धी थप जानकारीका लागि कम्पनीको केन्द्रीय कार्यालयमा रहेको प्रशासन महाशाखामा सम्पर्क गर्न सकिनेछ ।

ञ. प्राप्त दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेडमा निहित रहनेछ ।

३. **दरभाऊपत्र साथ पेश गर्नुपर्ने विवरण तथा कागजातहरु**

क. कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी ।

ख. मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी ।

ग. व्यवसाय संचालन गर्न बीमा ऐन २०४९ बमोजिम ईजाजत प्राप्त गरी अद्यावधिक नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपी ।

घ. कम्तीमा ३ वर्ष बीमा सेवा प्रदान गरेको प्रमाण खुल्ने कागजातको प्रमाणित प्रतिलिपी ।

ङ. कम्पनीको पछिल्लो ३ वर्ष (आ.व. २०८१/०८२ सम्म) को लेखापरीक्षण भएको वित्तीय विवरणको प्रमाणित प्रतिलिपी ।

च. आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

छ. प्रस्तावदाताले आफू कानुनी रुपमा प्रस्ताव पेश गर्न योग्य भएको व्यहोरा खुलाईएको स्वःघोषणा ।

ज. प्रस्तावदाताको आधिकारीक प्रतिनिधि, निजको सम्पर्क नम्बर र इमेल ठेगाना ।

४. **दरभाउपत्र रद्द हुने अवस्था**

क. बुंदा नं. १ मा उल्लेखित योग्यता मध्ये सवै वा कुनै योग्यता नपुगेको ।

ख. दरभाउपत्रमा माग गरिए बमोजिम पूर्ण विवरण पेश नभएको । दरभाउपत्रको प्रिमियिम कबोल फारममा प्रिमियम र अधिक सम्बन्धी विवरण नभरेको ।

ग. दरभाउपत्र पेश गर्दा पुनर्बीमा कम्पनीहरुबाट स्वीकृती प्राप्त नभएको ।

घ. दरभाउपत्र शिलबन्दी भई नआएको ।

ङ. दरभाउपत्रमा सम्वन्धित प्रस्तावकको सहीछाप नभएको ।

च. दरभाउपत्र म्याद भित्र दाखिला हुन नआएको ।

छ. कम्पनीलाई मान्य नहुने शर्त राखी दरभाउपत्र पेश गरेको ।

ज. बुंदा नं. ३ मा उल्लेख भएबमोजिम पेश गर्नुपर्ने विवरण तथा कागजातहरु सबै वा कुनै पेश नगरेको ।

झ. दरभाउपत्र आव्हानको सूचनामा तोकिएका शर्तहरु पूरा नगरेको ।

५. **बीमाको अवधि**

रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेडबाट यस दरभाउपत्र अनुसार गराइने बीमाको अवधि १ वर्षको हुनेछ ।

६. **बीमा प्रदायक कम्पनीबाट पेश हुने अन्य शर्तका सम्बन्धमा**

दरभाउपत्र पेश गर्ने बीमा सेवा प्रदायक कम्पनीले दरभाउपत्रमा उल्लेख गरिए बाहेकका थप शर्तहरु आपसी समझदारीमा तय गरिनेछ ।

७. **प्रिमियम दर कबोल सम्बन्धी व्यवस्था**

क. यस दरभाउपत्र अनुसार रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड अन्तर्गत रसुवागढी जलविद्युत केन्द्रको सिभिल संरचनाहरु र हाइड्रोमेकानिकल तथा इलेक्ट्रोमेकानिकल उपकरणहरुको सम्पत्ति बीमाको लागि यसै दरभाउपत्र पुस्तिकाको अन्तिम पृष्ठमा रहेको दरभाउपत्र फारमको प्याकेज नं. १ मा तोकिएको स्थानमा प्रिमियम दररेट तथा अधिक (प्रतिशत तथा रकम) समेत प्रस्ताव गर्नुपर्नेछ ।

त्यसैगरी प्याकेज नं. २ मा उल्लेखित अनुसाङ्गिक बीमा (Consequential Loss/ Loss of Profit Insurance) को लागि प्रिमियम दररेट तथा अधिक प्रस्ताव गर्नुपर्नेछ । कम्पनीले अनुसाङ्गिक बीमालेख खरीद गर्ने/नगर्ने सम्बन्धमा प्रस्ताव प्राप्त भएपश्चात आवश्यकता अनुसार निर्णय गर्नेछ र सोही बमोजिम छनौट भएको बीमा कम्पनीलाई निर्देशन दिनेछ ।

सो अनुसार सि.नं. १ र २ मा प्रस्तावित प्रिमियम रकममा मूल्य अभिवृद्धि कर समेत समावेश गरी कूल प्रिमियम कबोल रकम अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ ।

ख. बुदा नं. ७(क) अनुसार दरभाउपत्र फाराममा प्रिमियम कबोल रकम र अधिक (प्रतिशत तथा रकम) समेत उल्लेख गरेपछि सम्बन्धित बीमा कम्पनीको आधिकारिक व्यक्तिले सहि गरी कार्यालयको छाप समेत लगाएको हुनु पर्नेछ ।

ग. प्रिमियम कबोल दर उल्लेख गर्दा अंक र अक्षरमा लेखिएको रकम फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

घ. कबोल गरेको प्रिमियम दर अनुसार हुन आउने रकम र एकमुष्ट उल्लेख गरिएको प्रिमियम रकममा फरक पर्न गएमा कबोल फाराममा उल्लेखित प्रिमियम दररेटलाई आधार मानि हिसाव गरिनेछ ।

८. **भुक्तानीको किसिमः**

क. बीमा कम्पनीले स्वीकृत कबोल रकमको कर बिजक पेश गर्नु पर्नेछ र सो रकम कम्पनीबाट एकाउन्ट पेयी चेक मार्फत भुक्तानी गरिनेछ ।

ख. प्रिमियम रकम भुक्तानी गर्दा प्रचलित आयकर ऐन/नियम अनुसार अग्रिम कर कट्टा गर्नुपर्ने भए सो कट्टा गरी भुक्तानी गरिनेछ ।

९. **दरभाउपत्र मूल्याङ्कनका आधारहरुः**

दरभाउपत्र मूल्यांकनका प्रमुख आधारहरु निम्नानुसार रहेका छन्ः

क. यस दरभाउपत्रको बुंदा नं. १ मा उल्लेखित योग्यताहरु ।

ख. बोल कबोल (प्रिमियम) रकम ।

ग. अधिक (प्रतिशत तथा रकम) ।

घ. यसअघि यस कम्पनीमा बीमा सेवा उपलब्ध गराएका बीमा कम्पनीहरुको हकमा बीमा दावी भुक्तानीको अवस्था तथा सो सम्बन्धमा कम्पनीको मूल्यांकन ।

१०. **सम्झौता सम्बन्धमाः**

क. उल्लेखित मूल्यांकनको आधारबाट छनौट भएको कुनै एक बीमा कम्पनीसंग मात्र बीमा सम्झौता गरिनेछ ।

ख. सम्झौताका शर्त तथा व्यवस्थाहरु यस दरभाउपत्रमा उल्लेख भए बमोजिम हुनेछन् । अन्य थप आवश्यक बिषयहरु आपसी समझदारी एवं प्रचलित कानूनका आधारमा व्यवस्थित गरिनेछ ।

११. **निर्णय गर्ने अधिकारः**

यस दरभाउपत्र आह्वान मार्फत प्राप्त सम्पूर्ण प्रस्तावहरु स्वीकृत गर्ने/नगर्ने, प्याकेज १ अन्तर्गतको सम्पत्ति बीमालेख र प्याकेज २ अन्तर्गतको अनुसाङ्गिक बीमालेख दुवै खरिद गर्ने वा प्याकेज १ अन्तर्गतको सम्पत्ति बीमालेख मात्र खरिद गर्ने भन्ने अधिकार रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेडमा निहित रहनेछ ।

# रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड

## रसुवागढी जलविद्युत केन्द्रको सम्पत्ति बीमाको प्रिमियम कबोल फाराम (Bill of Quantities):

| प्याकेज नं. | विवरण | बीमाङ्क (रु.) | सम्पूर्ण जोखिम बहन गर्नेगरी बीमाशुल्क (प्रिमियम) रकम (रु.) | | | अधिक (प्रतिशत र रकममा) | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रति हजारमा | अंकमा | अक्षरमा | (क) भूकम्प तथा पानीजन्य जोखिमबाट भएको क्षतिको हकमा | (ख) अन्य कुनै कारणबाट भएको क्षतिको हकमा |
| १. | सम्पूर्ण सिभिल संरचनाहरु, हाइड्रोमेकानिकल तथा इलेक्ट्रोमेकानिकल उपकरणहरु (अनुसूची-१ मा संलग्न विवरण अनुसार) | १३,३८०,५७८,१५२.२२ | | | | | |
| २. | अनुसाङ्गिक बीमाको लागि ३ महिनाको विद्युत बिक्रीमा हुने क्षति (Consequential Loss/Loss of Profit for 3 months) (अनुसूची-२ मा संलग्न विवरण अनुसार) | ३,४१३,४५३,३९८.०३ | | | | | |
| **जम्मा प्रिमियम रकम रु.** | | | | | | - | - |
| बीमाशुल्कमा छुट (Discount if any) | | | प्रतिशतमा | | | - | - |
| | | | रकममा | | | - | - |
| **बीमाशुल्कमा छुट पश्चातको खुद बीमाशुल्क रकम रु.** | | | | | | - | - |
| खुद बीमाशुल्कमा १३% मूल्य अभिवृद्धि कर रु. | | | | | | - | - |
| **मू.अ.कर सहित कूल बीमाशुल्क रकम रु.** | | | | | | - | - |

आधिकारिक व्यक्तिको सही : ..................................................................

आधिकारिक व्यक्तिको नाम : ..................................................................

मितिः ................................ बीमा कम्पनी/संस्थानको नाम : ..................................................................

ठेगानाः ............................ बीमा कम्पनी/संस्थानको छाप : ..................................................................

**RASUWAGADHI HYDROPOWER COMPANY LTD.**

Rasuwagadhi Hydropower Plant (111MW)

Breakdown of Capitalized Cost

अनुसूची-१

| S.N. | Category | Details | Amount (NRs.) |
|---|---|---|---|
| 1 | Hydromechanical | Under Sluice Stoplogs and Redial Gates | 47,020,356.59 |
| 2 | Hydromechanical | Intake Trashracks | 32,101,346.36 |
| 3 | Hydromechanical | Gravel Gates and Stoplogs | 4,356,129.47 |
| 4 | Hydromechanical | Intake Gates and Stoplogs | 37,411,855.87 |
| 5 | Hydromechanical | Desander Outlet Stoplogs | 88,915,402.32 |
| 6 | Hydromechanical | Sand Gates and Flushing System at Desanders | 25,505,420.68 |
| 7 | Hydromechanical | Headrace Bulkhead Gate | 2,220,460.01 |
| 8 | Hydromechanical | Penstock Isolation Gate (Butterfly Valve) Downstream of Surge Shaft | 82,552,390.05 |
| 9 | Hydromechanical | Steel Penstock Pipe from Surge Shaft to Powerhouse including Bifurcations and Manifolds | 427,639,084.82 |
| 10 | Hydromechanical | Steel Lining of Draft Tube up to Draft Tube Gate | 42,806,501.70 |
| 11 | Hydromechanical | Draft Tube Gates | 12,765,522.05 |
| 12 | Hydromechanical | Tailrace Outlet Gate | 16,762,077.61 |
| 13 | Hydromechanical | Undersluice Gantry Crane | 46,874,629.19 |
| 14 | Hydromechanical | Trash Raking Machine | 42,708,532.97 |
| 15 | Hydromechanical | Intake Gantry Crane | 53,872,428.13 |
| 16 | Hydromechanical | Desander Upper Chamber Cranes | 21,225,043.38 |
| 17 | Hydromechanical | Desander lower Chamber Cranes | 39,874,847.23 |
| 18 | Hydromechanical | Crane for Penstock Isolating Valve Chamber | 2,355,640.54 |
| 19 | Hydromechanical | Gantry Crane for Draft Tube Gates | 37,179,112.08 |
| 20 | Civil | Access Road and Bridge | 208,362,704.45 |
| 21 | Civil | Diversion Weir and Intake | 3,220,937,480.09 |
| 22 | Civil | Underground Desander Including Intake Tunnel,Operation Tunnel and Flushing Tunnel | 1,089,719,067.51 |
| 23 | Civil | Construction Adits and Access Tunnels | 454,291,899.13 |
| 24 | Civil | Headrace Tunnel | 1,926,063,757.02 |
| 25 | Civil | SurgeShaft | 171,209,692.76 |
| 26 | Civil | Steel Lined Penstock | 66,473,843.44 |
| 27 | Civil | Underground Powerhouse | 1,318,927,895.76 |
| 28 | Civil | Transformer Cavern | 191,874,224.75 |
| 29 | Civil | Tailrace Tunnel | 1,080,949,847.57 |
| 30 | Electromechanical | Turbines | 553,799,396.51 |
| 31 | Electromechanical | Governors | 41,171,084.58 |
| 32 | Electromechanical | Inlet Valves | 106,774,920.62 |
| 33 | Electromechanical | Cooling Water System | 89,340,190.16 |
| 34 | Electromechanical | Compressed Air Systems | 6,561,815.51 |
| 35 | Electromechanical | Fire Fighting System | 41,952,378.26 |
| 36 | Electromechanical | Power Station Crane | 44,300,859.18 |
| 37 | Electromechanical | Workshop Equipment | 21,234,601.31 |
| 38 | Electromechanical | AC Generators | 775,959,287.99 |
| 39 | Electromechanical | Generator Excitation System | 33,345,329.90 |
| 40 | Electromechanical | Generator Bus Duct | 63,939,013.21 |
| 41 | Electromechanical | Neutral Grounding Equipment | 7,588,331.63 |
| 42 | Electromechanical | Generator Voltage Equipment | 12,267,731.69 |
| 43 | Electromechanical | Protection and Relay Equipment | 34,659,357.90 |
| 44 | Electromechanical | Control and Instrumentation | 98,832,527.31 |
| 45 | Electromechanical | LVAC Distribution System | 36,644,924.72 |
| 46 | Electromechanical | Power and Light Current Cables | 103,602,999.88 |
| 47 | Electromechanical | OUTLYING WORKS 11 KV AND 400 V DISTRIBUTION | 50,819,452.50 |
| 48 | Electromechanical | Power Transformers | 271,615,333.58 |
| 49 | Electromechanical | DC System | 12,799,625.21 |
| 50 | Electromechanical | Earthing System | 9,707,165.38 |
| 51 | Electromechanical | 132 kV Gas Insulated Switchgear | 117,597,428.24 |
| 52 | Electromechanical | HV Take-Off Switchyard | 16,157,714.98 |
| 53 | Electromechanical | Communication and Data Transmission System | 15,952,713.14 |
| 54 | Electromechanical | Lighting and Small Power | 20,095,275.43 |
| 55 | Electromechanical | Line Bay at Chilime Hub | 901,499.88 |
| | | **Total** | **13,380,578,152.22** |

अनुसूची-२

# Rasuwagadhi Hydropower Company Limited

## Rasuwagadhi Hydroelectric Plant (111 MW)

**Annual Revenue Generation Details**

FY/2083/84

| S.N | Month | Contract Energy | Rate | Amount | Remarks |
|---|---|---|---|---|---|
| 1 | Shrawan | 78,396,194.00 | 4.94 | | |
| 2 | Bhadra | 78,396,194.00 | 4.94 | | |
| 3 | Ashwin | 78,396,194.00 | 4.94 | 387,277,198.36 | |
| 4 | Kartik | 61,601,719.00 | 4.94 | 304,312,491.86 | |
| 5 | Mangsir | 37,739,504.00 | 4.94 | 186,433,149.76 | |
| 6 | Paush | 25,415,493.00 | 8.65 | 219,844,014.45 | |
| 7 | Magh | 19,588,497.00 | 8.91 | 174,533,508.27 | |
| 8 | Falgun | 19,360,389.00 | 8.91 | 172,501,065.99 | |
| 9 | Chaitra | 19,954,177.00 | 8.91 | 177,791,717.07 | |
| 10 | Baishakh | 41,330,393.00 | 5.09 | 210,371,700.37 | |
| 11 | Jestha | 72,771,419.00 | 5.09 | 370,406,522.71 | |
| 12 | Ashadh | 80,925,103.00 | 5.09 | 411,908,774.27 | |
| | **Sub Total** | | | **2,615,380,143.11** | |

FY/2084/85

| S.N | Month | Contract Energy | Rate | Amount | Remarks |
|---|---|---|---|---|---|
| 1 | Shrawan | 78,396,194.00 | 5.09 | 399,036,627.46 | |
| 2 | Bhadra | 78,396,194.00 | 5.09 | 399,036,627.46 | |
| | Sub Total | | | **798,073,254.92** | |
| **Total Annual Revenue as per PPA (from Ashwin 2083-Bhadra 2084)** | | | | **3,413,453,398.03** | |